बैठकको नामः क्व्होलासोथार गाउँपालिका (गाउँ कार्यपालिकाको बैठक)
बैठक क्रम संख्याः पहिलो
अध्यक्षताः अध्यक्ष श्री सूर्यप्रसाद गुरुङ
मितिः २०७९ जेठ ३० गते
स्थानः क्व्होलासोथार गाउँपालिका, वडा नं. २, मालिङ ।

उपस्थितीः

| क्र.स. | नामथर | पद | ठेगाना | उपस्थिती |
|---|---|---|---|---|
| १ | सूर्यप्रसाद गुरूङ | अध्यक्ष | क्व्होलासोथार गा.पा. - ६ | [signature] |
| २ | गमीमाया गुरुङ | उपाअध्यक्ष | क्व्होलासोथार गा.पा. - ४ | [signature] |
| ३ | पेमा गुरुङ | वडा अध्यक्ष, वडा नं. १ | क्व्होलासोथार गा.पा. - १ | [signature] |
| ४ | खुसिमान गुरुङ | वडा अध्यक्ष, वडा नं. २ | क्व्होलासोथार गा.पा. - २ | [signature] |
| ५ | आसविर गुरुङ | वडा अध्यक्ष, वडा नं. ३ | क्व्होलासोथार गा.पा. - ३ | [signature] |
| ६ | नारायण गुरुङ | वडा अध्यक्ष, वडा नं. ४ | क्व्होलासोथार गा.पा. - ४ | [signature] |
| ७ | गित बहादुर गुरुङ | वडा अध्यक्ष, वडा नं. ५ | क्व्होलासोथार गा.पा. - ५ | [signature] |
| ८ | मनलाल गुरुङ | वडा अध्यक्ष, वडा नं. ६ | क्व्होलासोथार गा.पा. - ६ | [signature] |
| ९ | लक्षुमन गुरुङ | वडा अध्यक्ष, वडा नं. ७ | क्व्होलासोथार गा.पा. - ७ | [signature] |
| १० | सन्तोष घले | वडा अध्यक्ष, वडा नं. ८ | क्व्होलासोथार गा.पा. - ८ | [signature] |
| ११ | हुमराज गुरुङ | वडा अध्यक्ष, वडा नं. ९ | क्व्होलासोथार गा.पा. - ९ | [signature] |
| १२ | श्री गंगा बहादुर घले | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. - ३ | [signature] |
| १३ | श्री सुल बहादुर बि.क. | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. - ३ | [signature] |
| १४ | श्री हेमन्ता गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. - ४ | [signature] |
| १५ | श्री केश कुमारी गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. - ८ | [signature] |
| १६ | श्री खास देवी गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. - ९ | [signature] |
| १७ | श्री पुष्पा सुनार | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. - ७ | Puspa |
| १८ | श्री त्रिलोक चन्द्र गुरुङ | प्रमुख प्रशासकिय अधिकृत | क्व्होलासोथार गा.पा. | [signature] |
| १९ | श्री कवि रानाभाट | लेखापाल | क्व्होलासोथार गा.पा. | |
| २०. | श्री दिपकराज पौडेल | शिक्षा शाखा प्रमुख | " " | [signature] |
| २१ | श्री बिजय लामा | रोजगार संयोजक | " " | [signature] |
| २२. | श्री अनिल पौडेल | सूचना प्रविधि अधिकृत | " " | [signature] |
| २३ | श्री जय बहादुर राई | प्रशासन सहायक | " " | [signature] |
| २४ | श्री चित्र बोल | योजना शाखा प्रमुख | " " | [signature] |

प्रस्तावहरु

१. धन्यवाद ज्ञापन सम्बन्धमा
२. सूत्रमा विधुतिय कोष हस्तान्तरण (EFT) सम्बन्धमा
३. आधिकारिक मोवाइल नम्बर उपलब्ध गराउने सम्बन्धमा
४. खरको छानो मुक्त गर्ने सम्बन्धमा
५. विद्युत नपुगेको ठाउँमा विद्युत पुर्याउने सम्बन्धमा
६. एक घर एक धारा अभियान सम्बन्धमा
७. प्रधानमन्त्री रोजगार कार्यक्रमको योजना सम्बन्धमा
८. विभिन्न समितिहरुको गठन सम्बन्धमा
९. विविध

प्रहरी परिसर गुम्बा निर्माण
घर जलेकोलाई रकम भुक्तानी
ढाड भाचिएकोलाई रकम भुक्तानी
विपद् पूर्व तयारी आवश्यक सामाग्री खरिद सम्बन्धमा
क्षयरोग मुक्त नेपाल घोषणा सम्बन्धमा
गाउँसभाको मिति तय गर्ने सम्बन्धमा

छलफल र निर्णयहरु

## एजेण्डा: धन्यवाद ज्ञापन सम्बन्धमा

छलफल र निर्णयहरु

निर्णय नं १,प्रस्ताव नं १ का उपर छलफल गर्दा स्थानीय तह निर्वाचन २०७९ बैशाख ३० गते सम्पन्न भई नयाँ कार्यपालिका गठन पछिको पहिलो बैठकले निवर्तमान अध्यक्ष श्री प्रेम बहादुर घलेको नेतृत्वको स्थानीय सरकार आफ्नो ५ बर्षे कार्यकाल सफलता पूर्वक सम्पन्न गरेकोमा उक्त स्थानीय सरकारलाई हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो।

## एजेण्डाः सूत्रमा विद्युतिय कोष हस्तान्तरण (EFT) सम्बन्धमा

निर्णय नं २, प्रस्ताव नं २ का उपर छलफल गर्दा क्व्होलासोथार गाउँपालिकाबाट विद्युतिय कोष हस्तान्रण (Electronic Fund Transfer) मार्फत सोझै लाभग्राहीको खातामा रकम जाने व्यवस्थाको सुरुवात गर्ने निर्णय गरियो।

## एजेण्डाः आधिकारिक मोबाइल नम्बर उपलब्ध गराउने सम्बन्धमा

निर्णय नं ३, प्रस्ताव नं ३ का उपर छलफल गर्दा, यस क्व्होलासोथार गाउँपालिकाका जनसमुदायलाई आफ्नो गुनासो राख्न तथा सेवा प्रवाहलाई सर्व-सुलभ बनाउन यस गाउँपालिकाको उपाध्यक्ष सहित सम्पुर्ण वडा अध्यक्षज्यूहरुलाई आधिकारिक मोबाइल नं उपलब्ध गराउने निर्णय गरियो।

## एजेण्डाः खरको छानो मुक्त गर्ने सम्बन्धमा

निर्णय नं ४, प्रस्ताव नं ४ उपर छलफल गर्दा, खरको छानो मुक्त गाउँपालिका घोषणा गर्ने उदेश्यका साथ यस गाउँपालिका अन्तर्गत रहेका खरको छानो भएको घरहरुलाई विस्थापित गरि सुरक्षित आवासको व्यवस्था गर्ने निर्णय गरियो।

## एजेण्डाः विद्युत नपुगेको ठाउँमा विद्युत पुर्याउने सम्बन्धमा

निर्णय नं ५ प्रस्ताव नं ५ उपर छलफल गर्दा, यस क्व्होलासोथार गाउँपालिकाका केहि बस्तीहरुमा अझै पनि विद्युत सेवा उपलब्ध हुन नसकेका घरधुरीहरुमा विद्युत सेवा उपलब्ध गराउने निर्णय गरियो।

## एजेण्डाः एक घर एक धारा अभियान सम्बन्धमा

प्रस्ताव नं ६ उपर छलफल गर्दा एक घर एक खानेपानी धाराको अभियानलाई पूर्णता दिने निर्णय गरियो।

## एजेण्डाः प्रधानमन्त्री रोजगार कार्यक्रमको योजना सम्बन्धमा

१. मिति २०७८ पौष ४ गते बसेको निर्देशन समितिको बैठक मार्फत भएका आ.व.२०७८/७९ को लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगतका आयोजनाहरु एवं बजेटलाई अनुमोदन गर्ने निर्णय गरियो।

२. रोजगारीको हक २०७६को बुदाँ १४ बमोजिम रोजगारीको हक संरक्षण सम्बन्धी कामको लागि देहाय बमोजिमको स्थानीय निर्देशन समिति रहने निर्णय गरियो :

| | |
|---|---|
| क) श्री सूर्यप्रसाद गुरुङ | अध्यक्ष |
| ख) श्री गमी माया गुरुङ | उपाध्यक्ष |
| ग) श्री सन्तोष घले | सदस्य |
| घ) श्री खुशीमान गुरुङ | सदस्य |
| ङ) श्री त्रिलोक चन्द्र गुरुङ | सदस्य |
| च) श्री बिजय लामा | सदस्य सचिव |

## एजेण्डाः विभिन्न समितिहरुको गठन सम्बन्धमा

स्थानीय संरकार संचालन ऐन २०७४ बमोजिम गठित देहायका समितिहरुको गठन गर्ने निर्णय गरियो।

**स्रोत अनुदान तथा बजेट सीमा निर्धारण समिति**

| | |
|---|---|
| श्री सुर्य प्रसाद गुरुङ | संयोजक |
| श्री गमि माया गुरुङ | सदस्य |
| श्री नारायण गुरुङ | सदस्य |
| श्री आसविर गुरुङ | सदस्य |
| श्री केश कुमारी गुरुङ | सदस्य |
| श्री पुष्पा सुनार | सदस्य |
| श्री त्रिलोक चन्द्र गुरुङ | सदस्य सचिव |

स्थानीय राजश्व परामर्स समिति

| | |
|---|---|
| श्री गमि माया गुरुङ | संयोजक |
| श्री त्रिलोक चन्द्र गुरुङ | सदस्य |
| श्री लक्षुमन गरुङ | सदस्य |
| श्री हेमन्ता गुरुङ | सदस्य |
| श्री कवि रानाभाट | सदस्य सचिव |

विषयगत क्षेत्रगत समितिको संरचना

आर्थिक विकास समिति

| | |
|---|---|
| श्री खुसिमान गुरुङ | संयोजक |
| श्री सुल बहादुर वि.क | सदस्य |
| श्री खास देवी गुरुङ | सदस्य |
| श्री कवि रानाभाट | सदस्य सचिव |

सामाजिक विकास समिति

| | |
|---|---|
| श्री गित वहादुर गुरुङ | संयोजक |
| श्री हुमराज गुरुङ | सदस्य |
| श्री केशा कुमारी गुरुङ | सदस्य |
| श्री पशुपति सुनार | सदस्य |
| श्री दिपक राज पौडेल | सदस्य सचिव |

## पूर्वाधार विकास समिति

| | |
|---|---|
| श्री लक्ष्मन गुरुङ | संयोजक |
| श्री गगाँ बहादुर घले | सदस्य |
| श्री केश कुमारी गुरुङ | सदस्य |
| श्री प्रकाश शेरचन | सदस्य सचिव |

## वातावरण तथा विपद् व्यवस्थापन समिति

| | |
|---|---|
| श्री पेमा गुरुङ | संयोजक |
| श्री हुमराज गुरुङ | सदस्य |
| श्री पुष्पा सुनार | सदस्य |
| श्री चित्र घले | सदस्य सचिव |

## सुशासन तथा संस्थागत विकास समिति

| | |
|---|---|
| श्री आसविर गुरुङ | संयोजक |
| श्री खासदेवि गुरुङ | सदस्य |
| श्री सन्तोष घले | सदस्य |
| श्री जस बहादुर राई | सदस्य सचिव |

## विविधः

अ. प्रहरी परिसर गुम्बा निर्माण

जिल्ला प्रहरी कार्यालय, बेसिशहर लमजुङको प्रङ्गाणमा निर्माण भइरहेको बौद्ध स्तुपा (चैत्य) निर्माण सम्पन्न गर्नका लागि यस गाउँपालिकाबाट रु.२,००,०००/-(अक्षरुपी दुई लाख रुपैया मात्र) सहयोग गर्ने निर्णय गरियो।

**आ.विद्युतिय क्षति भएकालाई रकम भुक्तानी सम्बन्धमा**

क्व्होलासोथार गाउँपालिका वडा नं ५ सिङ्दी निवासी श्री रमन गुरुङको धन्सार विद्युत सर्ट सर्किटबाट जलेर क्षति भएको भनी निजको निबेदन, प्रहरी मुचुल्का र वडाको सिफारिसका आधारमा रु.६०,०००/-(अक्षरुपी साठीँ हजार रुपैयाँ मात्र) क्षतिपुर्ति स्वरुप सहयोग गर्ने निर्णय गरियो।

**इ. औषधी उपचार खर्च सहयोग गर्ने सम्बन्धमा**

क्व्होलासोथार गाउँपालिका वडा नं १ निवासी श्री देउ माया गुरुङको लडेर ढाडँमा गम्भीर चोट लागेको र निजको परिवारको आर्थिक अवस्था कमजोर भएको हुदाँ निजको निवेदक र वडा सिफारिसको आधारमा रु.१५०००/-(अक्षरुपी पन्ध्र हजार रुपैया मात्र) रकम सहयोग गर्ने निर्णय गरियो।

**ई. विपद् पूर्व तयारी आवस्यक सामाग्री खरिद सम्बन्धमा**

यस क्व्होलासोथार गाउँपालिका अन्तर्गतका क्षेत्रमा बर्षा याममा हुन सक्ने विपद्लाई न्युनि-करण तथा व्यवस्थापन गर्नका लागि रु.५ लाख सम्मको ग्याबिन जाली खरिद गर्ने निर्णय गरियो।

**उ. क्षयरोग मुक्त नेपाल घोषणा सम्बन्धमा**

क्षयरोग मुक्त नेपाल घोषणा अभियान कार्यक्रमलाई विस्तार गर्नको लागि यस गाउँपालिकालाई क्षयरोग मुक्त गाउँपालिका घोषणा गर्न र क्षयरोग सम्बन्धी कार्यक्रमहरु संचालन गर्न यस गाउँपालिका प्रतिबद्ध रहेको निर्णय गरियो।

**ऊ. गाउँसभाको मिति तय गर्ने सम्बन्धमा**

यस क्व्होलासोथार गाउँपालिकाको पहिलो गाउँसभा मिति २०७९ असार १० गते शुक्रवारका दिन क्वहोलासोथार गाउँपालिका वडा नं २ स्थित म्रोचे आमा समूह भवन, मालिङमा गर्ने निर्णय गरियो।